दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३८ | अंक ४१ | बुटवल | २०८२ माघ २१ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday February 04, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## ८१ करोडका दुई सडक बनाउन ऋण सम्झौता



बुटवल । तिलोत्तमा नगरपालिका र नगर विकास कोषबिच ऋण सम्झौता भएको छ । शहरी उत्थानशिलता तथा जीवनयापन सुधार आयोजना (यूआरएलआइपी) बिच मंगलबार औपचारिक सम्झौता भएको हो ।

यो परियोजनामार्फत् ड्राइभरटोल-शिवपुर र पथ्थरडाँडा-तिनाउ सडक निर्माण हुने क्रममा रहेको छ ।

नगरपालिकाको तर्फबाट नगर प्रमुख रामकृष्ण खाँण र नगर विकास कोषको तर्फबाट टिडिएफ़ कार्यकारी निर्देशक इञ्जिनियर विनोद प्रकाश पण्डितले हस्ताक्षर गरी सम्झौता भएको हो । कूल ८१ करोडको आयोजनाअन्तर्गत ७५ प्रतिशत रकम एशियाली विकास बैंकको अनुदान हो भने २५ प्रतिशत रकम नगरपालिकाको दायित्वअन्तर्गत हो । २५ प्रतिशतमध्ये १ प्रतिशत ऋण हो भने ७ प्रतिशत नगरपालिकाको आन्तरिक स्रोतबाट खर्च हुने रकम हो ।

ऋण सम्झौतामा हस्ताक्षर कार्यक्रममा नगर उपप्रमुख जगेश्वरदेवी चौधरी, प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसाललगायतको सहभागिता रहेको थियो ।

यसअघि नै एडीबीसँगको सम्झौता भई सडकको सर्भेको काम अन्तिम चरणमा पुगेको र छिट्टै निर्माण प्रकृयामा जाने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भुसालले जानकारी दिए ।

## युवामा अनुशासन र राष्ट्रसेवाको भावना जरूरी : प्रधानमन्त्री कार्की

नवलपुर । प्रधानमन्त्री सुशीला कार्कीले युवामा अनुशासन, नैतिकता र राष्ट्रप्रतिको जिम्मेवारी विकास गर्नु राज्यको मुख्य प्राथमिकता भएको बताएकी छन् ।

मंगलबार नवलपुर जिल्लाको कावासोती १ हात्तीखोरस्थित राष्ट्रिय सेवा दल सिनियर डिभिजन तालिमको दीक्षान्त कवाज समारोहमा बोल्दै उनले अनुशासित र चरित्रवान् युवा नै राष्ट्र निर्माणको बलियो आधार भएको उल्लेख गरिन् ।

प्रधानमन्त्री कार्कीले तालिमले युवालाई राष्ट्रसेवा, नेतृत्व विकास र विपतका वेला स्वयंसेवामा सक्षम बनाएको बताउँदै दीक्षित क्याडेटहरूलाई अनुशासनलाई जीवनशैली बनाउन आग्रह गरिन् ।

उनले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबै निकायप्रति धन्यवाद दिँदै राष्ट्रिय सेवा दलको दायरा आगामी दिनमा थप विस्तार गरिने प्रतिबद्धता व्यक्त गरिन् ।

दिक्षान्त समारोहमा १८ वटा विद्यालयका ५ सय ३० लाई दीक्षित गरिएको थियो ।

प्रधानमन्त्री कार्कीले युवाहरू देशका जिम्मेवार नागरिक मात्र नभएर भोलिका सक्षम नेतृत्व पनि भएकोमा जोड दिँदै युवाहरू संविधान, लोकतन्त्र र राष्ट्रिय एकताको रक्षा गर्दै देशको सेवा गर्न सधैं अग्रसर हुनु पर्नेमा जोड दिइन् ।

# निपाह भाइरसको संक्रमणबाट बच्न उच्च सर्तकता

**मलेशियामा २६ वर्षअघि देखिएको निपाह भाइरसले अहिले अरू मुलुकलाई समस्या पारेको छ, भाइरस पहिलोपल्ट भेटिएको मुलुक भने त्यसयता भाइरसमुक्त भएको छ ।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

छिमेकी मुलुक भारतमा निपाह भाइरसको संक्रमण देखिएपछि नेपालमा संक्रमणको उच्च जोखिम छ । संक्रमण फैलिन नदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उच्च सर्तकता अपनाएको छ ।

भारतको पश्चिम बंगालमा केही साताअघि निपाह भाइरसको संक्रमण पुष्टि भएको थियो । यो भाइरसको संक्रमण उच्च रहेकोले । नेपालका सम्पूर्ण हवाई तथा थल नाकाबाट भित्रिने यात्रुको निगरानी सुरु गरिएको मन्त्रालयका अधिकारीहरूले जानकारी दिएका छन् । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले हवाई तथा थल नाकामा स्थापना गरिएका हेल्थ डेस्कमार्फत् संक्रमणका लक्षण देखिएका यात्रुमाथि निगरानी राख्ने काम भइरहेको जानकारी दिएका छन् ।

प्रवक्ता बुढाथोकीका अनुसार, निपाह भाइरसको जोखिम नेपालमा उच्च रहेकोले संक्रमणको शंका भएका व्यक्ति नेपाल प्रवेश गरेमा उपचारका लागि अस्पतालहरू समेत तोकिएको छ । निपाह भाइरस चमेरो, सुँगुर वा संक्रमित व्यक्तिबाट सर्ने भएकाले ती माध्यमलाई विशेष ध्यानमा राखेर रोकथामका उपाय अपनाइएको छ ।

उनले भने-'चमेरो, सुँगुर वा संक्रमित व्यक्तिबाट सर्ने भएकाले यी तीन चिजहरूलाई मध्यनजगर गरेर आम नेपाली नागरिकलाई पनि निपा भाइरस संक्रमण फैलिएको ठाउँबाट आउने मानिसलाई केही समय क्वारेन्टाइनमा रहने र उनीहरूको सम्पर्कमा नजाने भनेर सचेतना फैलाइरहेका छौं ।'

शुक्रराज ट्रपिकल तथा सरूवारोग अस्पतालका सरूवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनका अनुसार, नेपाल र भारतबिच खुला सिमाना कारण संक्रमण उच्च छ । यो भाइरसको प्राकृतिक रिजर्भोयर मानिने चमेरो नेपालमा पनि पाइन्छ । सुँगुर पनि नेपालमा लोकप्रिय नै मानिन्छन् । सुँगुरमार्फत् मानिसमा र मानिसबाट मानिसमा सजिलै सर्न सक्ने भएकाले नेपाल पनि निपा भाइरस संक्रमणको जोखिममा छ ।

'भारतमा जस्तो नेपालमा जंगल जंगल डुल्ने र जंगलमा फलेका र झरेका फलफूल खाने चलन अलिक कम छ जस्तो लाग्छ, तर त्यहाँ पाइने चमेरो यहाँ पनि पाइन्छ र त्यो चमेरोमा यो भाइरस छ कि छैन भनेर कुनै परीक्षण नभएकाले अहिले नेपालमा यसको जोखिम छैन भन्न मिल्दैन ।'-उनले भने ।

नेपालमा सुँगुरहरू मर्दा के कारणले मऱ्यो भनेर त्यसको खोजी खासै गरेको पाइँदैन । त्यसैले पनि अब सुँगुर मऱ्यो वा बिरामी पऱ्यो भने त्यसको पनि कारण खोज्ने र परीक्षण गर्ने बेला आएको उनको भनाइ छ ।

**मलेशियाबाट फैलिएको भाइरस**

सन् १९९७ मा मलेसियाले धेरै खडेरी भोग्यो । यसैबेला मलेसियामा अर्को संकट आयो । सुँगुर फार्ममा काम गर्नेहरूमा अनौंठो किसिमको ज्वरो आउने र बेहोस हुने समस्या देखियो । जसबाट २६५ जना संक्रमित भए । तीमध्ये १ सय ५ जनाले ज्यान गुमाए ।

सुरुमा त मलेसियाले यसलाई जापानिज इन्सेफ्लाइटिस (जेई) भएको बतायो,जुन लामखुट्टेको टोकाइबाट सर्छ । यसको नियन्त्रणका लागि मलेसियाली सरकारले लामखुट्टे मार्ने र जेईविरुद्ध खोप अभियान नै पनि चलायो । तर यो अभियानले महामारी रोकिएन् । जेईको खोप लगाएकाहरूले नै ज्यान गुमाए । अधिकांश बिरामीहरू सुँगुर फार्मसँग कुनै न कुनै हिसाबले जोडिएकाहरू थिए ।

महामारीबाट नागरिकले ज्यान गुमाएको विषयमा जानकारी पाउन मलेसियालाई झण्डै एक वर्ष लाग्यो । मलेसियाबाट संकलन गरी पठाइएको नमूनामाथि विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) र अमेरिकाको सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (सीडीसी) मा अध्ययन गरियो । सन् १९९९ मा जेईसँग मिल्दोजुल्दो लक्षण भए पनि यो नयाँ भाइरस भएको पुष्टि भयो ।

सबैभन्दा पहिला यो भाइरस पुष्टि भएको ठाउँ सुङ्गाई निपाबाट नै यस भाइरसको नाम पनि निपा भाइरस राखियो । जुन खासगरी फ्रुट ब्याट भनिने ठूला चमेरोमा पाइने कुरा पनि पत्ता लाग्यो । तर चमेरो आफैं भने यो भाइरसबाट बिरामी पर्दैन् ।

यसरी मलेसियाबाट सुरुवात भएको निपा भाइरस संक्रमणको जोखिम आज नेपालसम्मै आइपुगेको छ । तर इपिसेन्टर मलेसिया भने पहिलो प्रकोपपछि निपा भाइरसमुक्त छ । पहिलो प्रकोपपछि २६ वर्ष भयो मलेसियामा निपा भाइरसको नयाँ बिरामी भेटिएका छैनन् ।

संक्रमण भएको ४ देखि १४ दिनभित्र निपा भाइरसका लक्षणहरू देखिन थाल्छन् ।

» *बाँकी ३ पेजमा*

## 'आत्तिहाल्नु पर्ने अवस्था छैन'



लुम्बिनी प्रादेशिक अस्पतालका फिजिसियन डा. नन्दु पाठक अहिले नै आत्तिनुपर्ने अवस्था नभएको बताउँछन् ।

उनका अनुसार सर्तक रहनु राम्रो हो, तर संक्रमण छिट्टै हुन्छ र क्षति ठूलो गर्छ भनेर आत्तिनुपर्ने अवस्था छैन । उनले कोभिड महामारीमा झैं संक्रमणदर उच्च नरहेको बताए । 'संक्रमण भएपछि मृत्युदर भने बढी छ । मृत्युदर बढी भएकाले जोखिम देखिएको हो ।'-उनले भने ।

डा. पाठक नेपालमा निपाहा भाइरसको संक्रमण आउने सम्भावना कम देख्छन् । चमेरो, सुँगुर, घोडा र संक्रमित व्यक्तिबाट सर्ने यो भाइसको प्रमुख स्रोत चमेरो नेपालमा पर्याप्त नदेखिएको उनको भनाइ छ । 'मलेशिया, बंगलादेश र थाइल्याण्डमा खजुर पाइने भएकाले खजुर खान चमेरो जान्छ , चमेरोले खाएको फलफूल मान्छेले खाँदा जोखिम बढेको हो ।'-उनले भने । उनले सुँगुरबाट हुने संक्रमण भने कायमै छ । सुरक्षात्मक उपाय अवलम्बन गरे सुँगुरबाट हुने संक्रमण नियन्त्रण गर्न सकिन्छ ।

संक्रमित भएको व्यक्ति छिट्टै बिरामी भई अस्पताल पुग्ने भएकाले संक्रमणको दर न्यून रहेको उनको भनाइ छ ।

# सामुदायिक विद्यालयले अर्को पालिकाबाट बसमा विद्यार्थी बोक्नु कति उचित ?





**टिआर शर्मा**
*बुटवल*

मंगलबार बिहानै एउटा दुर्घटनाको खबर स्थानीय र राष्ट्रिय मिडियाहरूमा छायो । खबर थियो- रूपन्देहीको ओमसतिया-४ बसन्तपुरमा मणिग्रामको शान्ति नमूना माविले भाडामा लिएको बस दुर्घटनामा २१ जना विद्यार्थी घाइते ।

बिहान साढे ६ बजेतिर धान धकधईतर्फबाट आउँदै गरेको लु १ ख ८६७५ नं. को बस र भैरहवाबाट पूर्वतर्फ जाँदै गरेको लु ३ त ३५३० नं. को ट्र्याक्टर एक आपसमा जुध्दा शान्ति नमूनामा कक्षा ११ र १२ मा पढ्ने २१ जना विद्यार्थी घाइते भए । तीमध्ये १५ जना उपचारपछि मंगलबारै डिस्चार्ज भए । गम्भीर घाइते ६ जनालाई युनिभर्सल मेडिकल कलेज भैरहवामा भर्ना गरेर उपचार भइरहेमा रहेको विद्यालयले जनाएको छ ।

उक्त दुर्घटनापछि सामुदायिक विद्यालयहरूले कति टाढाबाट विद्यार्थी बोकेर ल्याउन पाउने भन्ने वहस फेरि उठेको छ ।

संविधानले विद्यालय तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको छ । जसअनुसार राज्यले लगानी गरिरहेको छ । तर एउटा स्थानीय तहमा सञ्चालित ठूला सामुदायिक विद्यालयहरूले टाढा टाढा पुगेर अर्को पालिका र अर्को जिल्लाबाट समेत बसमा विद्यार्थी बोक्ने परिपाटी छ । यसबारे स्पष्ट कानुनी व्यवस्था नहुँदा यो क्रम रोकिएको छैन । निजी विद्यालयहरूले पनि अर्को जिल्लाबाट समेत विद्यार्थी बसमा ल्याउने गरेका छन् ।

टाढाबाट विद्यार्थी बोक्नुपर्दा गाडीको यान्त्रिक अवस्था, सडकको अवस्था, प्रतिकूल मौसम, समयको चाप (हतार) लगायत कारणले दुर्घटना हुन जान्छ । यसको मतलब नजिक वा पालिकाभित्र गाडीमा विद्यार्थी बोक्दा दुर्घटना हुँदैन भन्न खोजिएको होइन । तर टाढाको यात्रामा दुर्घटनाको जोखिम पक्कै पनि बढी हुन्छ ।

अझ विद्यालयले भाडामा लिने बस अधिकांश पुराना र थोत्रा, सम्बन्धित निकायबाट नियमित र प्रभावकारी अनुगमन अभाव जस्ता कारणले बेला बेलामा दुर्घटना निम्तिने गरेका छन् । केही समयअघि शुद्धोधन गाउँपालिकामा एउटा निजी विद्यालयको बसमा आफैं आगो लागेको थियो ।

टाढाबाट यात्रा गर्नुपर्दा विद्यार्थीले बस भाडावापत अतिरिक्त शुल्क तिर्नुपर्ने हुन्छ भने र बस भाडामा लिएर चलाउँदा विद्यालयले पनि खर्च बढेको छ । विद्यालयको खर्च बढ्नु भनेको राज्यकै खर्च बढ्नु हो । निजी विद्यालयले पनि अर्को पालिका र फरक जिल्लाबाट समेत विद्यार्थी बसमा ल्याउने गरेका छन् ।

अभिभावक संघका केन्द्रीय सदस्य एवं रूपन्देही अध्यक्ष लोकनाथ ज्ञवाली सामुदायिक विद्यालयले बसमा विद्यार्थी बोक्नु नै गलत भएको बताउँछन् । त्यसमा पनि अर्को पालिका र जिल्लाबाट विद्यार्थी ल्याउनु त झनै खराब परिपाटी भएको ज्ञवालीको तर्क छ ।

'एउटा पालिकाबाट अर्को पालिकामा विद्यार्थी जान दिनु वा पठाउनु पालिकाको नेतृत्वको लाचारी हो, अक्षमता हो, एक प्रकारले संविधानको बर्खिलाप पनि हो,' ज्ञवाली भन्छन्-'आफ्नो पालिकाभित्रका विद्यालयलाई अब्बल बनाएर त्यहींका विद्यालय रोज्ने, बाहिर जानु नपर्ने बनाउने मुख्य दायित्व पालिकाको राजनीतिक र शिक्षा शाखाको दायित्व हो, तर उनीहरूले यसमा बेवास्ता गरेका छन् ।'

टाढाबाट विद्यार्थी बोक्दा अभिभावकलाई आर्थिक भार थपिने, ट्राफिक जाम र दुर्घटनाको जोखिम हुने भएकाले आफ्नो पालिकाका विद्यार्थीलाई आफ्नै पालिकामा गुणस्तरीय शिक्षा दिलाउन पालिकाहरू लाग्नुपर्ने ज्ञवालीको सुझाव छ ।

» *बाँकी ३ पेजमा*

गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश
आगो,हिटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।
- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडा जस्ता छिटो जल्ने सामग्री आगो वा हिटरको नजिक नराखौं ।
-कोठामा आगो, हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हिटर बन्द गरेर मात्र सुतौं ।
-बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
-बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हिटर नजिक एक्लै नछोडौं ।
-घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
-आगो, हिटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।
सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## निपाह भाइरसको संक्रमण

मलेशियामा २६ वर्षअघि देखिएको निपाह भाइरसले अहिले अरू मुलुकलाई सताएको छ। पहिलोपल्ट भाइरस भेटिएको मुलुक अहिले भाइरस मुक्त छ, तर त्यहाँबाट भाइरस विभिन्न मुलुक घुम्दै भारतसम्म आइपुगेको छ। नेपाल-भारत खुला सीमाका कारण नेपाल पनि उच्च जोखिममा छ। चीनमा भेटिएको कोभिड भाइरस पनि भारत हुँदै नेपालमा आइपुगेको थियो।

नेपालमा कुनै महामारी नियन्त्रणको पूर्व तयारीभन्दा पछिको प्रतिकार्यमा ध्यान जान्छ। महामारी नियन्त्रणको पूर्व तयारी कमजोर भएको मुलुकमा यस्ता महामारीले जोखिम निम्त्याउने हुन्। भारतको बंगालमा भाइरस भेटिएकोले यहाँ पनि आउने जोखिम छ। सर्तकता अपनाउनुपर्नेछ। संक्रमण फैलिन नदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उच्च सर्तकता अपनाएको जानकारी दिएको छ। तर त्यो सर्तकताको व्यवहारिक पाटो कमजोर छ। पूर्व तयारी र प्रतिकार्य कमजोर छ। संक्रमित क्षेत्रबाट आउने व्यक्तिलाई निगरानी गर्ने र संक्रमण फैलिन नदिन सर्तकता अपनाउन प्राथमिकता दिनुपर्छ। संक्रमणदर कमजोर भएपनि संक्रमण भएपछि मृत्यु दर उच्च रहेकोले नागरिकको ज्यान बचाउन राज्यको संवेदनशिलता बढी हुनुपर्छ।

चमेरो, सुँगुर, घोडा वा संक्रमित व्यक्तिबाट सर्ने भएकाले यी तीन चिजहरूलाई मध्यनजगर गरेर आम नेपाली नागरिकलाई पनि निपा भाइरस संक्रमण फैलिएको ठाउँबाट आउने मानिसलाई केही समय क्वारेन्टाइनमा रहने व्यवस्था गरिएको छ। कोभिड महामारीमा क्वारेन्टाइनमा नबसेका कारण महामारी गाउँ-गाउँ फैलिएको थियो। त्यसैले क्वारेन्टाइनमा बसाल्नका लागि स्थानीय तहले काम गर्नुपर्छ। यस्ता महामारीबाट नागरिकको जीवन बचाउने तहगत सरकारको संयोजनबाट मात्रै सम्भव छ।

भारतमा जंगल डुलेर फलफूल खाने समुदाय छन्। नेपालमा भने त्यस्तो समुदाय छैन। तसर्थ चमेरोबाट समुदायसम्म निपाह भाइरस पुग्ने जोखिम कमै रहेको देखिन्छ। यहाँ सुँगुरबाट सर्ने जोखिम छ। सुँगुरसँग मान्छेको सम्पर्क सहजै हुने भएकाले कुनै कारणवश सुँगुर मरेमा मृत्युको कारण खोज्नुपर्छ। सुँगुरको मृत्यु भएमा प्रहरी वा स्थानीय तहलाई खबर गर्नुपर्छ। र, मृत्युको खोजी हुनुपर्छ।

मलेशियाले निपाहा भाइरस नियन्त्रण गर्न १० लाख सुँगुर नष्ट गरेको थियो। यो कठोर निर्णय कार्यान्वयन गर्न नागरिकले जुनस्तरको सहयोग गरे, त्यसपछि नै मलेशियामा त्यसपछि निपाहा भाइरसको संक्रमण छैन। यहाँ पनि निपाहा भाइरसको संक्रमण नियन्त्रण गर्न राज्यले चालेका कदमप्रति नागरिकको सहयोग आवश्यक छ। कोभिड महामारी राज्यको प्रयासले मात्रै नियन्त्रण भएको होइन्, राज्यको पहलकदमीमा आम नागरिकको सहयोगबाट मात्रै सम्भव भएको हो।

# सत्कर्मले सम्झना: शोभाखर गुरु

भेषराज पोखरेल



जीवन सुख-दुःखको चौपारी हो। जन्मेदेखि मृत्यु पर्यन्त मान्छेले जीवनलाई सार्थक र सफल बनाउन अनेकौं आरोह–अवरोह पार गर्छ। जीवनयात्राका भोगाइले नै मान्छेलाई परिपक्क बनाउने, त्यही भोगाइले हो, जीवन र समाजलाई डोऱ्याउने। एउटा भनाइ छ-'जीवनमा पढेर मात्रै जानिदैन्, पर्नुपर्छ।' यो भनाइको अन्तर्य हो, जीवनमा व्यक्तिले पढेर मात्रै नभइ भोगेर धेरै जान्दछ, बुझ्दछ।

एउटा व्यक्तिले जीवनयात्रा समाज परिवेश र समयसँगै सिक्दै अघि बढिरहेको हुन्छ। तत्कालीन परिवेशको भोगाइले व्यक्तिलाई जति आत्मविश्वासी र परिपक्क बनाउँछ, पुस्तकका सैद्धान्तिक कुराले कमै बनाउन सक्छ। जन्मेपछि परिवार, समाजमा अन्तर्घुलन हुँदै व्यक्ति जसरी अघि बढ्छ, त्यसक्रममा उसले गरेका सत्कर्मले व्यक्तिको जीवनलाई सहज मात्रै बनाउँदैन्, त्यसले समाज र राष्ट्रका लागि पनि योगदान दिइरहेको हुन्छ।

अझ दीर्घ जीवन बिताएका अग्रजको भोगाइ, ज्ञान र अनुभव नयाँ पुस्ताका लागि महत्वपूर्ण हुन्छन्, अनुकरणीय हुन्छन्। समाजका अग्रज नयाँपुस्ताका लागि सिक्ने महत्वपूर्ण औजार हुन्। आशा, भरोसा र विश्वासका खानी हुन्। जसले नयाँ पुस्तालाई आशा जगाउन सक्छन्, आत्मविश्वास भर्न सक्छन्, संकटको बेला सामना गर्न सक्ने सामर्थ्य दिन सक्छन्। अप्ठारो पर्दा आत्तिने र सजिलो हुँदा हौसिने प्रवृत्तिलाई निरूत्साहित गर्न सक्छन्। अप्ठारो पर्दा मनोबल कमजोर बनाएर अघि बढ्दा त्यसले राम्रो नतिजा दिन सक्तैन्। सजिलो हुँदा हौसिदा पनि त्यसले लैजाने ओरालो यात्रातिर नै हो। अनुभव र भोगाइले नै व्यक्तिलाई सफलताको मार्गीतिर लैजाने। र, ती व्यक्तिको सत्कर्मबाट नै अरूले सिक्ने। उनीहरूको ज्ञान र अनुभवको फराकिलो दायराले नयाँ पुस्तालाई फराकिलो मार्गमा हिड्न सिकाउँछ।

ज्ञान र अनुभवले खारिएका समाजसेवी शोभाखर पोखरेलले नयाँ पुस्ताका लागि आड दिनुभयो, भरोसा दिनुभयो, आत्मबल दिनुभयो। आशा, विश्वास र संघर्ष गर्न सिकाउनु भयो। उहाँ ९३ वर्ष लामो दीर्घजीवन बाँचेर केवल परिवारको लालनपालन र शिक्षा दीक्षा मात्रै दिनु भएन्, यो समाजलाई सत्मार्गमा हिड्न सिकाउनु भयो। व्यक्ति परिवारमा जन्मेर मुलतः सामाजिक परिवेशले उसलाई प्रभावित पार्छ र समाजलाई व्यक्तिको भूमिका तथा योगदानले बदल्छ।

गुल्मीको धुर्कोट पहिलेदेखि नै चेतनास्तर राम्रो भएको सुसंकृत समाज हो। यही समाजको एउटा परिवारमा जन्मेको व्यक्ति स्वभाविक रूपमा सत्कर्ममा लाग्नु स्वभाविकै हो। त्यही समाजले उहाँलाई सधैं सत्कर्ममा लाग्न प्रेरित गऱ्यो। चञ्चले स्वभावका उहाँको जन्म विसं. १९८९ सालमा धुर्कोट गाउँपालिकाको वडा नम्बर १ अरौंदीमा भयो। तीन दाजु र तीन दिदीका कान्छा भाइ शोभाखरलाई बुबा–आमा र दाजु–दिदीको माया र स्नेहको कमि भएन्। अरौंदीमै प्रारम्भिक शिक्षा प्राप्त भयो। धुर्कोटमा त्यसबेला पढ्नुपर्छ भन्ने चेतनाको विकास भइसकेको थियो। त्यसपछि थप शिक्षाको लागि उहाँ खिदिम जानु भयो।

अर्घाखाँचीको खिदिम त्यसबेला शिक्षा आर्जनको लागि चर्चित थियो। खिदिममा रहेको हरिहर संस्कृत पाठशालामा टाढा–टाढाबाट पठनपाठन गर्न जान्थे। गाउँघरमा त्यसबेला पर्याप्त स्कुल र पाठशाला थिएनन्। हरिहर संस्कृत पाठशालाले गुरुकुल शिक्षामा ख्याती कमाएको थियो। खिदिममा गुरुकुल शिक्षा ग्रहण गरेपछि धुर्कोटमा फर्केर घर गृहस्थीतिर लागेका उहाँ केवल घरको काममा सिमित रहनुभएन्। हरिहर संस्कृत पाठशालामा पढेर फर्केको टाठो र बाठो युवा गाउँमा सबैको नजरमा नपर्ने कुरै भएन्। उहाँ गाउँको अगुवा बन्नुभयो। भतिज एंव सहयात्री पुरूषोत्तम पोखरेलका अनुसार, केही न केही सत्कर्ममा सधैं उहाँ लाग्नुभयो।

गाउँमा सबैभन्दा पहिले उहाँले फोनबाजा ल्याउनुभयो। गाउँमा मनोरञ्जनको साधन नभएको बेला फोनबाजा गाउँलेका लागि राम्रै काम गरेको थियो। संगीतका पारखी भएकाले उहाँले एकतारे र खैजडी आफैं बनाउनुभयो। एकतारे र खैंजडी बजाएर गाएका भजनले धेरैलाई मन्त्रमुग्ध बनाउँथ्यो। हक्की स्वभाव र आकर्षक जीउडालका पोखरेल सबैका प्रिय हुनुहुन्थ्यो।

चालीसको दशक लाग्दै गर्दा उहाँको जीवनले नयाँ मोड लियो। थातथलो धुर्कोट अरौंदी छाडेर वामीटक्सार बसाईं सर्नुभयो। वामीटक्सार गएदेखि त्यहाँको नारायणस्थानको पूजाव्यवस्था तथा पूजनकार्यमा निरन्तर संलग्नभई धर्म संस्कृतिको प्रवर्द्धनमा संलग्न हुनुभयो। वामीटक्सारलाई धार्मिक सक्रियता बढाएको देखिन्छ।

धर्म संस्कृतिको प्रवर्द्धनले उहाँलाई समाजसँग घुलमिल हुन सघाउ पुऱ्यायो। सरल स्वभाव, मृदुवचन, हँसिलो तथा आकर्षक व्यक्तित्वले वामीमा सबैका सम्मानित शोभाखर गुरुका रूपमा परिचित हुनुभयो।

त्यही पहिचानले उहाँलाई पञ्चायत कालमा वामी गाउँपञ्चायतको निर्विरोध वार्ड सदस्य हुने अवसर जुऱ्यो। वामीटक्सार क्षेत्रको शिक्षा विकासमा पनि उहाँको महत्वपूर्ण योगदान रहेको छ। वामीटक्सारको महेन्द्र माध्यमिक विद्यालय स्थापना र आर्थिक स्रोत जुटाउन धान्याञ्चल महायज्ञ सञ्चालन गर्न उहाँको महत्वपूर्ण भूमिका रहेकोा छ।

'धान्याञ्चल महायज्ञ नगरी आर्थिक स्रोत जुटाउन सकिएन्, धान्याञ्चल महायज्ञ गर्न उहाँले महत्वपूर्ण भूमिका खेल्नुभयो।'– त्यस बेलाका प्राचार्य हीरामणि अर्याल सम्झनुहुन्छ।

वामीको पीछडिएको गाउँ बसेरीमा विद्यालय नभएकाले विद्यालय स्थापना गर्न अगुवाइ गर्नुभयो। बसेरीको गौमती प्राथमिक विद्यालय अहिले पनि सञ्चालन भइरहेको छ। लामो समय सो विद्यालयको सञ्चालक समिति अध्यक्ष भएर उहाँले शैक्षिक विकासमा योगदान गर्नुभयो। कुमाल समुदाय आदिवासी हुन्, उनीहरूको शैक्षिक र आर्थिकस्तर कमजोर छ। सीमान्तकृत कुमाल समुदायको शैक्षिक स्तर उकास्न उहाँले निरन्तर अभियान चलाउनु भयो।

शोभाखर पोखरेलले पूर्वीय संस्कारअन्तर्गतको आध्यात्मिक जीवनचर्या पूर्णरूपमा अवलम्बन गरेको देखिन्छ। कर्मकाण्ड, त्यस क्षेत्रका धेरै परिवारका गुरु, सकारात्मक सोंच तथा व्यवहारको उत्प्रेरणा प्रदान गरिरहने हुँदा सबैको प्रेरणाको पात्र बन्नुभयो। उहाँले काम गर, सकारात्मक सोच राख, शिक्षा हासिल गर, सद्भाव बढाऊ भन्दै सबैलाई घच्घचाउनु हुन्थ्यो। कसैप्रति रिस, राग नराख्ने पोखरेलको निडर र स्पष्ट बोल्ने स्वभावबाट सबैले प्रेरणा लिनुपर्छ।

जन्म संयोग हो, मृत्यु निश्चित छ, तर तिथि र मितिको टुंगो छैन्। दीर्घ जीवन बिताएर यो समाजका लागि एउटा असल नागरिकले पूरा गर्नुपर्ने भूमिका निभाएर ९३ वर्षको उमेरमा २०८२ साल माघ ७ गते उहाँको देहावसान भयो।

बाबु आमा मार्गदर्शक हुन्। उनीहरूले सिकाएका असल गुणले छोराछोरी पनि असल हुन्छन्। नेपाली समाजमा असल बाबुआमाका छोराछोरीमा केही नमेटिने छाप परेको हुन्छ भनिन्छ। उहाँका सात भाइ छोरा पनि बाबुकै असल कर्म र गुणले होला, सत्मार्गमा लागेको देखिन्छ। पछिल्लो समय उहाँका कान्छा छोरा ज्योतिष फलादेश तथा प्राध्यापनमा संलग्न नारायण पोखरेल तथा बुहारी कल्पना पोखरेलसँगै रूपन्देहीको तिलोत्तमा नगरपालिकाअन्तर्गत दुर्गा मन्दिर पथमा बस्दै आउनुभएको थियो। उहाँहरूले गरेको पितृसेवा अनुकरणीय रह्यो। सबैको सद्भाव र सेवासुश्रुशाले उहाँको उत्तरार्द्ध जीवन पनि सुखमय रूपमै बित्यो।

शोभाखर गुरु झैं सत्मार्गमा हिडेको दीर्घजीवी व्यक्तित्वबाट यो समाजले धेरै पाएको छ। उहाँको निधनले परिवारले अभिभावक मात्रै गुमाएन्, समाजले सत्कर्ममा संलग्न एउटा अनुभवी व्यक्ति गुमाएको छ।

उहाँको निधनसँगै धुर्कोट अरौदी पोखरेल बन्धुको अघिल्लो पुस्ताको अन्त्य भएको छ। हामीले उहाँका सत्कर्मबाट धेरै सिक्न सक्छौं। स्वर्गीय शोभाखर पोखरेल हामी माँझ हुनुहुन्न। तर उहाँका सत्कर्मले उहाँलाई सधैं जीवित राख्नेछ। हामी सधैं सम्झिरहने छौं। उहाँप्रति हार्दिक श्रद्धाञ्जली।

### पीएम कप क्रिकेट प्रतियोगिता:

# बाँके र दाङ विजयी

भैरहवा। बाँके र दाङले रुपन्देहीमा जारी प्रधानमन्त्री कप एक्स्ट्रिम इनर्जी ड्रिंक लुम्बिनी प्रदेशस्तरीय पुरुष एक दिवसीय क्रिकेट छनोट प्रतियोगिता जित निकालेका छन्। लुम्बिनी प्रदेश क्रिकेट संघको आयोजनामा जारी प्रतियोगितामा भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा बाँकेले पाल्पालाई ५ विकेट र दाङले कपिलवस्तुलाई २ विकेटले पराजित गर्दै जित निकालेका हुन्।

मंगलबार सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङमा आएको पाल्पाले निर्धारित ४३ ओभरमा ३४ ओभर ४ बलमा सबै विकेट गुमाएर १ सय १६ रन बनायो। उसका लागि रुपेश बस्यालले ३०, रोशन घिमिरले २१, नरबहादुर सार्कीले १४ र नविन भण्डारीले ११ रन बनाए। बलिङमा बाँकेका लभकुश यादवले ४, सलाउद्दिन खान र निश्चल आचार्यले २-२ तथा सिद्धान्तराज शाहीले १ विकेट हात पारे।

जवाफी ब्याटिङ गरेको बाँकेले २२ ओभर ३ बलमा ५ विकेट गुमाएर १ सय १९ रन बनाउँदै जित निकाल्यो। उसको जितमा सुनिल भण्डारीले अविजित २४, मोहम्मद सहदाब अन्सारीले २३, रोशन केसीले २०, सलाउद्दिन खानले नटआउट १६ र सिद्धान्तराज शाहीले १४ रनको योगदान गरे। बलिङमा पाल्पाका रुपेश बस्यालले २ तथा केशव परई, नरबहादुर सार्की र मनिष न्यौपानेले समान १-१ विकेट लिए। खेलमा लभकुश यादव प्लेयर अफ द म्याच घोषित भई पुरस्कृत भए।

यस्तै, तिलोत्तमास्थित एक्स्ट्राटेक ओभलमा भएको अर्को खेलमा टस हारेर ब्याटिङमा आएको कपिलवस्तुले ४८ ओभर ३ बलमा सबै विकेट गुमाएर २ सय ३ रन बनायो। उसका लागि रौनक श्रीवास्तवले ६१ रनको अर्धशतकीय पारी खेल्दा मोहम्मद हुसेन गद्दीले ४२, मोहम्मद सबोज मुसलमानले २६ र शिव कुँवरले १८ रन जोडे। बलिङमा दाङका वीरबहादुर घर्तीले ४, राजकुमार कुमालले २ तथा शुभम खनाल, दिनेश बोहरा र मोहन खत्रीले समान १-१ विकेट लिए।

प्रतिउत्तरमा दाङले ४३ ओभर ४ बलमा ८ विकेट गुमाएर २ सय ४ रन बनाउँदै जित निकाल्यो। उसको जितमा हेमराज सापकोटाले ६७, शिशिर डीसीले ३० र शुभम खनालले १४ रनको योगदान गरे। बलिङमा कपिलवस्तुका शिव कुँवरले ३, मोहम्मद हुसेन गद्दी र रौनक श्रीवास्तवले २-२ तथा महेश भरले १ विकेट लिए। खेलमा वीरबहादुर घर्ती प्लेयर अफ द म्याच घोषित भई पुरस्कृत भए।

माघ २४ गतेसम्म चल्ने प्रतियोगितामा लुम्बिनी प्रदेशका सात जिल्लाका टीम सहभागी छन्। छनोट खेलको विजेता र उप-विजेता टिमले ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

यस्तै, प्लेयर अफ द म्याचले ११ हजार १ सय ११ र प्रत्येक दिनको म्यान अफ द म्याचले १ हजार १ सय रुपैयाँ प्राप्त गर्ने खेल संयोजक प्रथम पराजुलीले जनाए। प्रतियोगिताको टाइटल स्पोन्सरमा एक्स्ट्रिम इनर्जी ड्रिंक उत्पादक कम्पनी एग्रो थाई फूड्स छ भने प्रायोजकमा एक्स्पर्ट एजुकेसन एण्ड भिजा सर्भिस, बुटवल, ग्रुप ४ प्रोडक्ट प्रालि, काठमाडौं र ग्रुप ४ सेक्युरिटी सर्भिस प्रालि, काठमाडौं छन्। यस वर्षको प्रधानमन्त्री कप चैत्रमा आयोजना गर्ने गरी क्यानले तयारी गरिरहेको छ।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट



काठमाडौं। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार दोहोरो अङ्कको गिरावट देखिएको छ। नेप्से परिसूचक १२ दशमलव ५८ अङ्कले घटेर दुई हजार ६८३ दशमलव १५को बिन्दुमा कायम भएको छ।

३२२ कम्पनीको एक करोड ८७ लाख तीन हजार १८३ कित्ता शेयर ९२ हजार ३३८ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ६३ करोड १५ लाख १२ हजार ५४२ बराबरको कारोबार भएको छ। होटल तथा पर्यटन समूह एक दशमलव ७९, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३७ र म्युचुअल फन्ड एक प्रतिशतले बढेको छ। अरु सबै समूहको उपसूचक घटेको छ।

बैंकिङ शून्य दशमलव ६३, विकास बैंक शून्य दशमलव ६१, वित्त एक दशमलव ०९, जलविद्युत् शून्य दशमलव ९७, लगानी शून्य दशमलव ५१, जीवन बिमा शून्य दशमलव ३८ र लघुवित्त शून्य दशमलव ४२ प्रतिशतले घटेको छ। त्यस्तै निर्जीवन बिमा शून्य दशमलव ३५, व्यापार शून्य दशमलव ४६ र अन्य समूह शून्य दशमलव ५६ प्रतिशतले घटेको छ।

कालिञ्चोक दर्शन लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

सबैभन्दा धेरै गुमाउनेमा भने सान्भी इनर्जी लिमिटेडको शेयर मूल्य चार दशमलव ६३ प्रतिशतले घटेको छ। कारोबार रकमका आधारमा सबैभन्दा धेरै एसवाई प्यानल नेपाल लिमिटेडको रु ५९ करोड २९ लाख आठ हजार ४११ बराबरको शेयर किनबेच भएको छ। त्यस्तै कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडको १२ लाख ५८ हजार १७७ बराबरको कारोबार भएको छ।


## सिद्धार्थनगर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रूपन्देही

## आशय-पत्र सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२।१०।२०

यस सिद्धार्थनगर नगरपालिकानगर कार्यपालिकाको कार्यालयबाट निम्न मितिमा प्रकाशित बोलपत्रको सूचना बमोजिम तोकिएको समयभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरुको नियमानुसार बोलपत्र मूल्यांकन समितिबाट मूल्यांकन गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्यांकित बोलपत्रदाताको रुपमा छनौट गरी सोही ऐनको दफा २७ उपदफा (२) प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | कामको नाम/ठेक्का नं. | बोलपत्र आव्हान मिति | स्वीकृत बोलपत्रदाता | कबोल अंक (मु.अ.कर तथापि.एस.समेत) |
|---|---|---|---|---|
| 1. | Supply of Electric Good at Siddharthanagar Municipality (SNP/JINSI/NCB-01/082/083) | 2082.08.16 | श्री रिमाल ईन्टरप्राईजेज,पुरानो वानेश्वर, काठमाण्डौ | NRs. 32,59,791.23 |
| 2. | Construction of Road, Drain & Kawarsthan Physical Infrastructure Work at Ward no. 01 (SNP/NCB-16/082/083) | 2082.08.29 | श्री बेलाल निर्माण सेवा, सि.न.पा.-६ | NRs. 16,58,105.14 |
| 3. | Construction and Ugrading of Belahiya Masque Bld., Jamiya Kamrun Nisha Collage Bld. & Toilet & Bathroom at Ward No. 01 (SNP/NCB-17/082/083) | 2082.08.29 | श्री एस.एस. निर्माण सेवा, सि.न.पा.-११ | NRs. 21,23,519.37 |
| 4. | Upgrading and Construction of Road towards amar path to west road, Galli Jhahdi bazzar radha devi shrestha and hunutha ahouse side to west galli road , Jhandi bazzar park and sorgadhari ghat at Ward no. 02 (SNP/NCB-18/082/083) | 2082.08.29 | श्री क्रान्ति निर्माण सेवा, सि.न.पा.-२ | NRs. 20,55,033.96 |
| 5. | Upgrading and Construction of kathautiya path to kalimai path &kalyan path road and kathauatiyamasjit to highway joining galli at Ward no. 09 (SNP/NCB-19/082/083) | 2082.09.06 | श्री मोहम्मद गाजी निर्माण सेवा, सियारी-६ | NRs. 19,86,685.88 |

थप जानकारीका लागि सिद्धार्थनगर नगरपालिका योजना शाखामा सम्पर्क गर्नु होला।

# व्यापार संघमा फेन्सी र गल्ला तथा खाद्यन्न वस्तुगत उपसमिति गठन



बुटवल। आफ्नो वार्षिक कार्यतालिकाअन्तरगत रूपन्देही व्यापार संघले आफूसँग आबद्ध विभिन्न प्रकृतिका व्यवसाय सञ्चालन गर्ने व्यवसायी सदस्यहरूलाई गोलबन्द गर्ने लक्ष्य अनुसार वस्तुगत भेलालाई तीव्रता दिएको छ। रूपन्देही व्यापार संघमा आबद्ध फेन्सी एवं गल्ला तथा खाद्यन्न व्यवसायीहरूको वृहत भेलाले वस्तुगत उप-समिति पुनर्गठन गरेको छ। संघको सचिवालयमा भएको छुट्टाछुट्टै भेलाले विष्णुहरि भण्डारीको संयोजकत्वमा १८ सदस्यीय फेन्सी वस्तुगत उपसमिति र पुष्कर घिमिरेको संयोजकत्वमा १० सदस्यीय गल्ला तथा खाद्यन्न वस्तुगत उप-समिति गठन गरेको हो।

फेन्सी वस्तुगत उपसमितिको सह-संयोजकमा भरत पाण्डे, सचिवमा विष्णुप्रसाद पौडेल, कोषाध्यक्षमा वेगु पाण्डे, सह-सचिवमा कल्पना ज्ञवाली, सदस्यहरूमा हरि ज्ञवाली, रेशम भण्डारी, सन्तोष थापा, गोपाल ज्ञवाली, रामु गोदार, विरन बस्नेत, गोविन्द भण्डारी, डोरप्रसाद पोखेल, पिताम्बर भट्टराई, सवि खनाल, लक्ष्मी ज्ञवाली, शंकर कुँवर, सन्तोषकुमार अग्रहरी र सल्लाहकारहरूमा बालकृष्ण बस्याल, जीवलाल पौडेल, गोकर्ण गिरी, ध्रुव ज्ञवाली, युवराज पन्त, केशव ज्ञवाली, खुमानन्द खनाल, भेषराज सापकोटा (राजु), दिपकनारायण श्रेष्ठ, पदम थापा रहेका छन्। यस्तै गल्ला तथा खाद्यन्न वस्तुगत उप-समितिको सह-संयोजकमा रोमन अधिकारी, सचिवमा तोयनाथ बस्याल, कोषाध्यक्षमा शोभाखर भण्डारी, सह-सचिवमा नरेश ढुंगाना, सदस्यहरूमा मुरारी गिरी, हरि न्यौपाने, सुरज श्रेष्ठ, विश्वास नेपाल, आषुतोष केशरी र सल्लाहकारहरूमा फ्रविन्द्र अधिकारी, माधवराज पोखरेल, महेश अर्याल रहेका छन्।

कार्यक्रममा संघका सह-सचिव एवं वस्तुगत उप-समितिका संयोजक नलराज नेपालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेका थिए भने कार्यसमिति सदस्य विजय ज्ञवाली र गल्ला उपसमिति संयोजक महेश अर्यालले आफ्नो कार्यकालको प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा नवनिर्वाचित संयोजक विष्णुहरि भण्डारी र पुष्कर घिमिरेले आफ्नो कार्यकालमा रचनात्मक क्रियाकलापहरू साथै व्यावसायिक गतिविधिहरूमार्फत् संघलाई थप उचाईमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका थिए।

भेलामा बोल्दै कार्यक्रमको प्रमुख अतिथि संघका अध्यक्ष प्रकाश ढकालले व्यवसायीहरूको एकताले मात्र व्यवसायिक समस्या समाधान गर्न सकिने बताउँदै संघका लागि वस्तुगत उप-समितिहरू आधारस्तम्भ भएको जिकिर गरे। उनले संघको गरिमा र उद्देश्य पुरा गर्न उप-समितिको सक्रियता र व्यवसायीहरूको खबरदारी जरूरी हुने उल्लेख गर्दै व्यापार संघ सधै व्यवसायीहरूको पक्षमा उभिने प्रतिवद्धता व्यक्त गरे।

भेलामा संघका महासचिव प्रकाशराज पौडेल, कोषाध्यक्ष अर्जुनप्रसाद भट्टराई, कार्यसमिति सदस्यहरू टेकराज पन्थी, सरोज ज्ञवाली, प्रेमनाथ पाण्डे, मनिराम खनाल, माधवप्रसाद ज्ञवाली, धर्मदत्त ज्ञवालीलगायतले विभिन्न पक्षहरूका बारेमा बोल्दै व्यवसायीहरूको संगठनात्मक भूमिका र औचित्यका बारेमा प्रकास पार्दै बस्तुगत उप-सिमितिहरूले रचनात्मक क्रियाकलापहरू अगाडि बढाउने विश्वास व्यक्त गरेका थिए।

भेलाको अध्यक्षता संघका कार्यसमिति सदस्य विजय ज्ञवालीले गरेका थिए भने सञ्चालन फेन्सी वस्तुगत उप-समितिका सचिव भरत पाण्डेले गरेका थिए। संघले फरक फरक प्रकृतिका २६ वटा वस्तुगत उप-समिति पूनर्गठन गर्नेछ भने हालसम्म १६ वटा वस्तुगत उप-समितिहरू गठन/पूनर्गठन भइसकेको संघका कार्यकारी प्रमुख सरोज पोखरेलले जानकारी दिए।

---

### निपाह...

सुरुमा ज्वरो आउने, शरीर दुख्ने, घाँटी दुख्ने, बान्ता हुनेजस्ता लक्षण देखिन्छन्। त्यसपछि बिरामीमा इन्सेफ्लाइटिस अर्थात् मस्तिष्कको सुजनका लक्षण देखिन सक्छन्।

यस्तो गम्भीर अवस्था आएमा बिरामी २४ देखि ४८ घण्टाभित्र अचेत अवस्थामा जान सक्छ। साथै, निमोनिया तथा अन्य श्वासप्रश्वाससम्बन्धी समस्या पनि देखिन सक्छ। उपचारपछि निको भएका करिब २० प्रतिशत बिरामीमा दीर्घकालीन स्नायुसम्बन्धी समस्या हुनसक्ने देखिएको डा. पुनको भनाइ छ। हालसम्म यस भाइरसविरुद्ध विशेष एन्टिभाइरल औषधि वा खोपको विकास भएको छैन।

विश्व स्वास्थ्य संगठनले यो भाइरसको संक्रमणको कारण मृत्यु हुने दर ४० देखि ७५ प्रतिशतसम्म पनि हुने गरेको बताएको छ। भारतमा यो भाइरस संक्रमणको पछिल्लो इतिहास हेर्दा बेला बेलामा सानो सानो आउटब्रेकहरू भइरहेको छ। र संक्रमितमध्ये अधिकांशको मृत्यु भएको पाइन्छ।

डा. पुनका अनुसार भारत र बांगलादेशमा निपा भाइरसको मृत्युदर औषतमा ७० देखि १०० प्रतिशतसम्म रहेको छ। तर कोरोना महामारी जसरी मानिस मानिसबिच भेट्दैमा र हिँड्दैमा यसको संक्रमण फैलिएको भने पाइँदैन। तर यसो भन्दैमा वा आजसम्म नेपालमा संक्रमण पुष्टि भएको छैन भन्दैमा ढुक्क हुन मिल्दैन।

मलेसियाले यो भाइरस नियन्त्रणका लागि संक्रमण फैलिएको क्षेत्रमा पालिएका १० लाखभन्दा बढी सुँगुरहरू नष्ट गरेर खाडलमा पुरिएको थियो। यसका लागि मलेसियाले सेनासमेत परिचालन गऱ्यो। साथै मलेसियाले सुँगुर फार्महरूको संरचनामा पनि ठूलो परिवर्तन गऱ्यो। सुँगुर फार्मलाई मानवबस्ती र फलफूल खेतीभन्दा टाढा सारियो। फार्महरूमा चमेरो छिर्न नसक्ने गरी तारजाली लगाइयो। फार्म वरिपरि फलफूल रोप्न पनि प्रतिबन्ध लगाइएको थियो।

किनकि तत्कालीन समयमा खडेरीका कारण जंगलबाट चमेराहरू आहाराको खोजीमा मानिसले पालेका सुँगुर फार्म छेउछाउका फलफूलहरू खान आए र चमेरोले आधा खाएर छाडेका फलफूल वा तिनिहरूको ऱ्याल र पिसाब सुँगुरको खोरसम्म आइपुग्दा चमेरोबाट यो भाइरस सुँगुरमा र सुँगुरबाट मानिसमा सरेको निष्कर्ष मलेसियाले निकालेको थियो।

अहिले पनि मलेसियामा सुँगुर बिरामी पर्नासाथ रिपोर्ट गर्नुपर्छ। सुँगुर फार्ममा काम गर्ने कर्मचारीहरूका लागि विशेष किसिमको लुगाको व्यवस्था गरिएको छ भने सरसफाइमा पनि विशेष ध्यान दिने गरिन्छ।

**नेपालले कस्तो सावधानी अपनाउने ?**

सबैभन्दा पहिला त संक्रमण फैलिएको देश भारतबाट आउने नागरिकले आफैँ आइसोलेट भएर बस्ने र यदि ४ देखि १४ दिनभित्र रूघाखोकीका कुनै लक्षण देखिए तत्काल परीक्षण गर्न डा.पुन सुझाउँछन्।

यसका साथै नेपालमा धेरैजसो फलफूलहरू भारतबाटै आउने भएकाले राम्रोसँग पखालेर मात्र खाने, बेलाबेलामा साबुनपानीले हात धुने र मास्क लगाउने गर्नुपर्छ।

यो भाइरसको संक्रमण हुँदा ज्वरो आउने, टाउको दुख्ने, श्वासप्रश्वासमा समस्या हुने, मांसपेशी दुख्ने, घाँटी दुख्ने, बान्ता हुने, चक्कर लाग्नेजस्ता समस्या देखिन्छन्। यी लक्षणहरूफ्लु वा अन्य संक्रमणसँग मिल्दोजुल्दो हुने भएकाले प्रयोगशाला परीक्षणबाट मात्र निश्चित गर्न सकिन्छ।

### सामुदायिक...

५ कक्षा माथिका विद्यार्थीलाई कम्तीमा आधा घण्टा हिंडेर पुगिने विद्यालय भएर हिंडेर जान दिनु विद्यार्थीको स्वास्थ्यका दृष्टिले पनि राम्रो हुने उनको सुझाव छ।

पालिकाका दुई चार वटा विद्यालय मात्र राम्रो भएर नपुग्ने भन्दै सबै विद्यालयको शैक्षिक गुणस्तर सुधारमा सम्बन्धित निकायको ध्यान जानुपर्ने ज्ञवालीको आग्रह छ।

जिल्ला शिक्षा समन्वय इकाई रूपन्देहीका प्रमुख विष्णु पन्थीले विद्यालयले कति टाढा दूरीका विद्यार्थी भर्ना गर्न मिल्ने र बोक्ने भन्ने विषयमा यसअघि पनि थुप्रै प्रश्न उठेका, तर ठोस निकास ननिस्केको बताए। संविधानले विद्यालय तह (कक्षा १२) सम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको, तर एउटा पालिकाभित्रको विद्यालयले कति टाढा दूरीका विद्यार्थी भर्ना गर्न मिल्ने र बोक्ने भन्ने स्पष्ट किटान नभएको उनले बताए। पछिल्लो राष्ट्रिय शिक्षा नीतिमा 'स्कुल जोन' र विद्यालय सेवा क्षेत्रबारे उल्लेख भएको जानकारी दिँदै पन्थीले अब यसबारे कानुनी स्पष्टता आवश्यक रहेको औंल्याए।

'अर्को पालिकाका विद्यार्थी भर्ना गर्न र बसमा बोक्न नमिल्ने नै भन्ने त छैन, तर सकभर पालिकाहरूले आफ्नो पालिका बाहिर विद्यार्थी जान नपर्ने वातावरण बनाएको राम्रो हो,' पन्थीले भने-'अहिले आएको राष्ट्रिय शिक्षा नीतिले कानुनमै यसबारे स्पष्ट व्याख्या गरिदिनुपर्छ।'

शान्ति नमूना माविका प्रधानाध्यापक कूलप्रसाद लामिछानेले विद्यार्थी र अभिभावकको मागअनुसार आफूहरूले रोहिणी गाउँपालिकाको धकधईसम्मका विद्यार्थी भर्ना गरेको बताए।

पश्चिम नेपाल बस व्यवसायी प्रालिमा आबद्ध बस विद्यालयले भाडामा लिएकाले दुर्घटनामा घाइते विद्यार्थीको उपचार खर्च बस समितिले नै व्यहोर्ने लामिछानेले बताए।

जिल्ला प्रहरी कार्यालय रूपन्देहीका सूचना अधिकारी डीएसपी गणेश सापकोटाले विद्यालयले भाडामा चलाउने बसहरूको यान्त्रिक अवस्था, चालकको योग्यता, बसमा यात्रा गर्ने विद्यार्थीको दुर्घटना बिमा आदि पक्षबारे सम्बन्धित सरकारी निकायको अनुगमनको कमी देखिएको औंल्याए।

डीएसपी सापकोटाका अनुसार बिहानपख बाक्लो हुस्सुका कारण सवारी साधनको बत्तीको भिजिबिलिटी कम भएर बस र ट्र्याक्टर ठोक्किएको हुनसक्ने प्रारम्भिक अनुसन्धानमा देखिएको छ। ट्र्याक्टरले ओभरलोड हुने गरी धान बोकेको उनले बताए। बस र ट्र्याक्टरका चालकलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको उनले जानकारी दिए।

---

**नेपाल सरकार**

**जिल्ला तौलिहवा**

**मुद्दा फाँट नं. ३ सरल 'ख' मुद्दा नं. ०८२- cp-०१७८/१९१**

**कपिलवस्तु जिल्ला अदालतबाट जारी भएको**

जिल्ला कपिलवस्तु, विजयनगर गा.पा.वडा नं. ३ मौजा डगडई बस्ने माधव प्रसाद पाण्डेको छोरा अ. वर्ष ६५ को श्रवण कुमार पाण्डेको नाउँमा जारी भएको २१ दिने म्याद..................................................।

उप्रान्त जिल्ला कपिलवस्तु, विजयनगर गा.पा.वडा नं. ३ मौजा डगडई बस्ने सन्त प्रसाद यादव नाँउले तपाईंको नाउमा मिति २०८२।०५।०३ गते लेनदेन मुद्दाको फिरादपत्र यस अदालतमा दिएकोमा तपाइँका नाममा जारी भएको म्याद वेपत्ते तामेल भएकोले राष्ट्रिय स्तरको दैनिक पत्रिकामा म्याद प्रकाशन गर्न भनी भएको यस अदालतको आदेशानुसार प्रस्तुत म्याद जारी गरी प्रकाशित गरिएको छ। म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ दिनभित्रमा कानुन वमोजिम आफ्नो लिखत प्रमाण समेत लिई यस अदालतमा आफै वा कानून बमोजिम वारेश वा कानून व्यवसायी मार्फत् प्रतिउत्तरपत्र दर्ता गर्नुहोला। अदालतमा नआई म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम भई जानेछ।

**ईति सम्वत् २०८२ साल माघ महिनाको ११ गते रोज ०१ मा शुभम्**

---

## नेपाल विद्युत प्राधिकरण

**ईन्जिनियरिङ्ग सवा निर्देशनालय, भवन तथा भौतिक संरचना निर्माण आयोजना अन्तर्गत प्रस्ताव गरिएको**

**भैरहवा स्थित व्यावसायिक कार्यालय भवन "लुम्बिनी" आयोजनाको**

### प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**( वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम (२) सँग सम्बन्धित)**

**प्रकाशित मितिः २०८२/१०/२१**

लुम्बिनी प्रदेश, रूपन्देही जिल्लामा पर्ने सिद्धार्थनगर नगरपालिका, वडा नं. ०८ मा नेपाल विद्युत प्राधिकरण, ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, भवन तथा भौतिक संरचना निर्माण आयोजनाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | नेपाल विद्युत प्राधिकरण, ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, भवन तथा भौतिक संरचना निर्माण आयोजना<br>स्वयम्भू, काठमाडौं, नेपाल<br>फोन नं. +९७७-१-४१५३२१२<br>इमेलः bpicp@nea.org.np |
| **प्रस्तावको व्यहोराः** | भैरहवास्थित व्यावसायिक कार्यालय भवन "लुम्बिनी" आयोजनाको प्रस्तावक नेपाल विद्युत प्राधिकरण, ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, भवन तथा भौतिक संरचना निर्माण आयोजना रहेको छ। नेपाल विद्युत प्राधिकरणले आफ्नो स्वामित्वमा रहेको लुम्बिनी प्रदेश, रूपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका वडा नं. ०८, बुद्धचोक (भैरहवा) बाट ६०० मि. उत्तरमा सिद्धार्थ राजमार्गको पश्चिम दिशामा अवस्थित रहेको हालको वितरण तथा ग्राहक सेवा (**DCS**) केन्द्रको कार्यालय परिसरमा नयाँ भवन निर्माण गरी वितरण तथा ग्राहक सेवा कार्यालय लगायतका अन्य आयोजनाका कार्यालयहरूलाई व्यवस्थित गर्ने योजना रहेको छ। प्रस्तावित भवन निर्माण हुने जग्गाको टुक्राको क्षेत्रफल २,३०८.११ वर्गमिटर रहेको छ जसमा १,२००.३६२ वर्गमिटर प्रस्तावित भवन निर्माण हुनेछ। प्रस्तावित भवनको Total Floor Area ८,९०७.५३ वर्गमिटर (Double Basement सहित) रहने छ। प्रस्तावित भवनको Double Basement मा पार्किङ्गको सुविधा सहित भुँई तल्ला र अन्य ९ तल्ला रहने छ। सो जग्गामा सुरक्षित, भूकम्प प्रतिरोधात्मक, व्यवस्थित नयाँ भवन निर्माण गरी वितरण तथा ग्राहक सेवा कार्यालयलाई व्यवस्थित गर्ने योजना रहेको छ। यस आयोजना निर्माण तथा सञ्चालनले रूपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका र आसपास क्षेत्रका ग्राहक तथा सेवाग्राहीलाई सहज तरिकाले सेवा प्रदान गर्नु तथा वितरण तथा ग्राहक सेवा कार्यालय लगायतका अन्य आयोजनाका कार्यालयहरूलाई व्यवस्थित गर्ने मुख्य उद्देश्य रहेको छ। |
| **प्रभाव पर्न सक्ने प्रदेश, जिल्ला, स्थानीय तह र वडा** | लुम्बिनी प्रदेश<br>रूपन्देही जिल्ला<br>सिद्धार्थनगर नगरपालिका, वडा नं. ०८ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गरी सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | नेपाल विद्युत प्राधिकरण, ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, भवन तथा भौतिक संरचना निर्माण आयोजना स्वयम्भू, काठमाडौं, नेपाल<br>फोन नं. +९७७-१-४१५३२१२<br>इमेलः bpicp@nea.org.np |
| **परामर्शदाताको नाम र ठेगानाः** | चिलिमे ईन्जिनियरिङ्ग एण्ड सर्भिसेज कम्पनी लिमिटेड, काठमाडौं महानगरपालिका-०४, महाराजगञ्ज, काठमाडौं।<br>टेलिफोनः +९७७-१-४०१६२७६, ४०१६२८६<br>इमेलः support@chesco.com.np<br>वेब साइटः www.chesco.com.np |

---

# Binayi Tribeni Rural Municipality

## Office of Rural Municipal Executive

Nawalparasi (East of Bardghat Susta), Dumkibas

Gandaki Province, Nepal

## Seal Quotation

**First Date of publication: 2082/10/01, (15th ,Jan, 2026)**

**Second Date of publication: 2082/10/21, (4th,Feb, 2026)**

1. Office of Binayi Tribeni Rural Municipality invites Hard Copy bids from eligible bidders for the following good sunder Seal Quotation procedures.

| S.N. | Contract ID | Description of Goods | Estimate Amount | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid submit | Bid Valid Period | Date of Pre-bid Meeting | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 24/BTRM /SQ/Goods/ 2082-083 | Procurement of Electronic Device (Laptop, Desktop, Printer) | 1849200.00 | 55476.00 | 1000.00 | 2082/10/11 (20th, Feb, 2026) Before 12:00 | 45 Days | 2082/10/29(12nd, Feb, 2026) at 1:00 PM | |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East )<br>Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East)<br>Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East)<br>Name of Office: Binayi TribeniRural Municipality, Nawalparasi(East)<br>Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.np.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

# देश विकास गर्न एमाले चाहिन्छ : विश्वकर्मा



बुटवल । देश र जनताको निम्ति नेकपा एमालेले स्पष्ट नीति निर्माण गरी अगाडि बढेको पार्टीका सचिव छविलाल विश्वकर्माले बताएका छन् । उनले नेकपा एमालेको नीति र योजनाको आधारमा मुलुक अगाडि बढ्ने दाबी गरे ।

नेकपा एमाले रोहिणी गाउँ कमिटीले धकधईमा आयोजना गरेको सभालाई सम्बोधन गर्दै नेता विश्वकर्माले स्थिरता, समृद्धि र अग्रगमनका निम्ति एमाले सदैव प्रतिबद्ध रहेको बताए ।

विगतमा एमालेको सरकारले अगाडि सारेका कार्यक्रम र योजनाहरूको कारण आज मुलुकले भौतिक पूर्वाधार विकासमा फड्को मारेको उल्लेख गर्दै उनले अबका दिनमा पनि नेकपा एमालेलाई मत दिएर देश विकासको निम्ति मार्ग प्रशस्त गर्नुपर्ने धारणा राखेका थिए ।

कार्यक्रममा बोल्दै नेकपा एमालेका केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा क्षेत्र नम्बर १, का उम्मेदवार दधिराम न्यौपानेले क्षेत्रको विकासको लागि जनताले सही व्यक्तिको छनोट गर्नुपर्ने बताए । काम गर्ने र नगर्नेहरूलाई पहिचान गरी मतदान गर्नुपर्ने बताउँदै उनले दशगंजादेखि चुरेको फेडीसम्म रहेको क्षेत्र नम्बर १, को मुहार फेर्न आफू प्रतिबद्ध भएर लाग्ने दाबी गरे ।

सोही कार्यक्रममा बोल्दै निर्वाचन क्षेत्र नम्बर ४ का एमाले उम्मेदवार प्रमोद यादवले तराईवासीको हकहित र अधिकारको लागि नेकपा एमाले उत्कृष्ट दल रहेको ठोकुवा गरे ।

उनले एमालेलाई मत दिएर पहिलो पार्टी बनाउन समेत सबैसँग आग्रह गरे । सभामा नेकपा एमालेका जिल्ला अध्यक्ष यज्ञप्रसाद गैरे, रोहिणी गाउँपालिकाका पूर्वअध्यक्ष सनोज यादव, बेद गिरी, सरोज पाण्डेलगायतले बोल्दै जनताहरू एमालेको पक्षमा प्रतिबद्ध भएर लागेको जिकिर गरेका थिए ।

सुनिल कौशलको अध्यक्षतामा भएको कार्यक्रममा विभिन्न पार्टीका ३ सयभन्दा बढी कार्यकर्ताहरू नेकपा एमालेमा प्रवेश गरेका थिए ।

# देश जोगाउने दायित्व एमालेको काँधमा : विष्ट



बुटवल । नेकपा एमालेका उपाध्यक्ष एवं गुल्मी क्षेत्र नं. २ का उम्मेदवार गोकर्ण विष्टले देश जोगाउने दायित्व एमालेको काँधमा आएको बताएका छन् ।

उनले देशलाई अहिलेको परिस्थितीमा ल्याउनेहरूलाई जनताले मतबाट जवाफ दिनुपर्ने बताउँदै देशलाई बाह्य तत्वबाट जोगाउने दायित्व एमालेको काधमा आएको उनको भनाइ थियो । गुल्मीको मालिका, मुसिकोट र रेसुंगा नगरपालिकाबाट बुटवल आएर बसेका एमाले कार्यकर्तासँगको भेटमा उनले विगतमा भएका कमीकमजोरीलाई सुधार गर्दै देश र संविधानको रक्षाका लागि एमालेको नेतृत्व अपरिहार्य रहेको बताए ।

साथै उनले यो निर्वाचनबाट एमाले पहिलो पार्टी बन्ने जनाए । उनले अधुरा काम पूरा गर्नुका साथै देशमा सुशासन र भ्रष्टचार अन्त्यका लागि आवश्यक परे संविधानलाई संसोधन गरेर सवैका माग सम्बोधन गर्ने समेत बताए ।

पूर्व मन्त्री समेत रहेका विष्टले आफ्नो निर्वाचन क्षेत्रमा एमालेको जितलाई कसैले पनि रोक्न नसक्ने बताए । गएको निर्वाचनमा गठबन्धनलाई समेत पराजित गरेको स्मरण गर्दै उनले यस पटक सवै एक्ला एक्लै निर्वाचन लडेकाले पनि १२ हजारभन्दा बढी मतान्तरले एमाले विजयी हुने जनाए ।

त्यस्तै उनले गुल्मी क्षेत्र नं. २ मा विकासको लहर एमालेकै नेतृत्वमा भएको बताउँदै उक्त क्षेत्रका ४१ वटा वडाहरूलाई छुने गरी सडक कालोपत्रेको काम अघि बढेको बताए ।

त्यस्तै राष्ट्रियसभा सदस्य रामकुमारी झाँक्रीले नटवरलाल र महाठगहरूबाट देशलाई जोगाउनुपर्ने बताइन् । उनले नटवरलालहरूलाई राजनीतिमा भित्राए संसद नबन्ने र त्यो सर्कस बन्ने जनाइन् । उक्त कार्यक्रममा निर्वाचन परिचालन कमिटी समेत गठन गरिएको थियो ।

# स्वास्थ्यमा ठुलो परिवर्तन गर्नु छ : थापा

भैरहवा । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का रूपन्देही क्षेत्र नं. ३ का उम्मेदवार डा. लेखजंग थापाले स्वास्थ्यमा धेरै नीतिगत सुधार गरी प्राथमिकताका साथ सुधारमा लाग्ने बताएका छन् ।

न्यूरो चिकित्सक समेत रहेका डा.लेखजंग थापाले पत्रकारहरूसँग छलफल गर्दै जिल्लाको समग्र विकाससहित नेपालमा विशेषज्ञ डाक्टर कारखाना खोल्ने योजना रहेको बताए । 'आफूमा भएको गुण अरूमा स्थानान्तरण गर्न र सामाजिक गुणसहितको डाक्टर उत्पादन त्यहाँबाट गरिने छ ।'-उनले भने ।

नेपालमा स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै दक्ष र विशेषज्ञ चिकित्सक उत्पादन गर्ने संरचनागत व्यवस्था आवश्यक रहेको उनले औंल्याए । 'हामीले विदेशमा मात्र होइन, आफ्नै देशभित्र गुणस्तरीय डाक्टर उत्पादन गर्ने काराखाना जस्तै प्रणाली विकास गर्नुपर्छ जस्मा मसहित पार्टीको तोसिमा कार्की जस्ता नेतृत्वहरू रहन्छ ।'-उनले भने ।

उनले आधारभूत स्वास्थ्य चौकीदेखि ठूला अस्पतालसम्म छिटो, सहज र प्रभावकारी सेवा पुर्‍याउने आफ्नो लक्ष्य रहेको स्पष्ट पारे । गाउँ तथा दुर्गम क्षेत्रमा अझै पनि स्वास्थ्य सेवाको पहुँच कमजोर रहेको उल्लेख गर्दै उनले त्यसलाई सुधार गर्नु आफ्नो मुख्य एजेन्डा भएको बताए । दुर्गम तथा ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच अझै चुनौतीपूर्ण रहेको उल्लेख गर्दै त्यसलाई सुधार गर्नु आफ्नो प्रमुख एजेण्डा भएको जनाए ।

स्वास्थ्य क्षेत्रमा पनि उदाहरणीय परिणाम ल्याएर देखाउने प्रतिबद्धता जनाउँदै डा. थापाले नेपालमै दक्ष तथा विशेषज्ञ चिकित्सक उत्पादन गर्न दीर्घकालीन योजना आवश्यक रहेको बताए । रोग लागेपछि परिवारमा पर्ने मर्कामा बारे बुझेकोले आफैं एक चोटी नीतिगत तहमा गएर राम्रोसँग सुधार्न सकियो भने नागरिकले स्वस्थ्य जीवन पाउन सक्छन् भनेर राजनीतिमा आएको उनले प्रस्ट्याए ।

पेशागत रूपमा स्वास्थ्य क्षेत्रमा लामो समय काम गरेको अनुभवका आधारमा देशको समग्र स्वास्थ्य प्रणालीमा आमूल सुधार आवश्यक देखेर आफू राजनीतिमा प्रवेश गरेको डा. थापाको भनाइ थियो ।

# एमाले उम्मेदवार यादवद्वारा २५ बुँदे प्रतिबद्धता सार्वजनिक

भैरहवा । नेकपा एमालेको तर्फबाट रूपन्देही क्षेत्र नं. ४ का उम्मेदवार प्रमोदकुमार यादवले मर्चवार क्षेत्रको समग्र विकास र देशको समृद्धिका लागि एमालेको जित अनिवार्य रहेको बताएका छन् ।

मंगलबार पत्रकारहरूसँग कुरा गर्दै उनले अहिले एमालेप्रति जनलहर बढ्दै गएको र विशेष गरी जेन-जि तथा जेन-वाई पुस्ता पार्टीलाई विजयी बनाउन उत्साहका साथ लागिपरेको उल्लेख गरे ।

जति पार्टी आए पनि एमालेजस्तो राष्ट्रप्रति जिम्मेवार र विकासप्रेमी अरू नभएको उनको भनाइ थियो ।

देश निर्माण, विकास र समृद्धि ल्याउने काम एमालेले मात्रै गर्न सक्ने बताउँदै उनले राष्ट्रियताको रक्षामा एमाले सधैं उभिएको स्पष्ट पारे । आफू निर्वाचित भए मर्चवार क्षेत्रको पूर्वाधार विकासलाई प्राथमिकता दिने यादवको प्रतिबद्धता छ ।

उनले आफ्ना २५ वटा योजनालाई आगाडि बढाएर मर्चवारलाई विकसित तुल्याउन सकिने गरी प्रतिबद्धताहरू अगाडि सारेका छन् । मर्चवारमा अढाइ दशकदेखि राजनीतिमा सक्रिय रहेको र मधेशकै माटोमा जन्मिएर, मधेशकै बाटोमा हिंड्दै सामाजिक सेवामा सक्रिय रहेकोले मर्चवारलाई उज्यालो र कृषिकोलागि हराभरा ठाउँको रूपमा विकास गर्नेगरी लागिरहेका बताए ।

उनले रूपन्देहीको ग्रामीण क्षेत्रको समस्या, किसानको समस्या समस्या, बाटोघाटो, बिजुली र शिक्षा जस्तो विषयमा सरकारको ध्यानकर्षण भएकोल तीनै तहका सरकारको समन्वयमा मर्चवारको भौतिक विकास र सामाजिक विकासमा विशेष योजनाका साथ काम गर्ने जनाए ।

सडकको स्तरोन्नीदेखि लिएर गाउँ-गाउँमा स्वास्थ्य सेवाको पहुँच विस्तार, मर्चवारका जनताको जीवनस्तर उकास्न विभिन्न सीप मूलक कार्यक्रमदेखि सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार जस्ता कार्यक्रम पनि सञ्चालन गरेको बताउँदै ३ वर्षमा जनताले आफ्नो प्रतिनिधि नभएको महसुस गरेकोले २०७४ सालमा मैले सुरु गरेका धेरै दीर्घकालिन विकासका योजना अलपत्र परेकोले त्यसलाई निरन्तरता दिँदै जाने बताए ।

एमाले नेता जितेन्द्रनाथ शुक्ल, जिल्ला अध्यक्ष यज्ञ गैरेले रूपन्देहीको अन्य क्षेत्रभन्दा मर्चवार क्षेत्रमा एमालेको लागि बलियो उम्मेदवार र सक्षम उम्मेदवार अन्तिम समयमा पाएको बताउँदै स्थानीयको साथ र सहयोगले विजय सुनिश्चित रहेको बताए । यहाँको समस्या बुझेको र स्थानीय मुद्दालाई केन्द्रसम्म लगेर नितिगत सुधारमा पनि यादवको योगदान रहनेछ । बेथरीदेखि थुम्हवासम्मको सडकलाई चार लेनमा स्तरोन्नति गरी लुम्बिनी-मर्चवारी-भैरहवा जोड्ने सडक सञ्जाललाई व्यवस्थित गर्ने, मर्चवार लिफ्ट सिँचाइलाई प्रभावकारी बनाएर यहाँका खेतहरूलाई वर्षैभरि सिँचित गर्ने योजना अघि सारिएको छ । किसानको उत्पादनले उचित मूल्य पाओस् भनेर मर्चवारी कृषि हाटबजारलाई व्यवस्थित गरी सिधैं खरिद गर्ने प्रणाली लागू गरिने उनले सुनाए ।

समरीमाईमा निर्माणाधीन शीत भण्डारलाई सम्पन्न गरी बिउबिजन केन्द्र सञ्चालन गर्ने, बन्द अवस्थामा रहेको आँखा अस्पताल पुनः सञ्चालनमा ल्याउने तथा तरेनी थुमुवामा छोटी भन्सार स्थापना गर्ने योजना पनि उनले सार्वजनिक गरे ।

प्रत्येक पालिकामा कम्तीमा १५ शैयाको अस्पताल, सुविधासम्पन्न स्वास्थ्य संस्था र सर्पदंश उपचार केन्द्र स्थापना गरी स्वास्थ्य सेवालाई सहज बनाउने यादवको लक्ष्य छ ।

शिक्षातर्फ कोटहीमाईको मझगावमा रहेको डिग्री कलेजलाई व्यवस्थित गर्ने र मर्चवारमा कृषि प्राविधिक शिक्षालय सञ्चालन गर्ने उनको योजना छ ।

युवालाई खेलकुदमा आकर्षित गर्न अन्तर्राष्ट्रियस्तरको कुस्ती स्पोर्ट्स एकेडेमी, सुविधायुक्त खेल मैदान र फुटबल, भलिबल तथा क्रिकेट प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने उनले बताए ।

पूर्वाधारतर्फ मर्चवार रिंगरोड निर्माण, भैरहवा विमानस्थलदेखि बेथरी-छपिया हुँदै वनघुसरीसम्म सडक स्तरोन्नति, छपियादेखि लुम्बिनी जोड्ने मार्ग सुधार तथा दानव नदीमा पक्की पुल निर्माणलाई प्राथमिकतामा राखिएको छ ।

डुबान समस्या समाधानका लागि तटबन्ध निर्माण, घरघरमा शुद्ध खानेपानी धारा जडान, सार्वजनिक शौचालय, वाइफाइ सेवा र हरेक पालिकामा दमकलको व्यवस्था गर्ने प्रतिबद्धता उनले जनाए ।

धार्मिक तथा ग्रामीण पर्यटन प्रवर्द्धन गरी मर्चवारीमाई, कोटहीमाई, समरीमाईलगायत क्षेत्रलाई राष्ट्रिय पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजना पनि उनले अघि सारे । जेन-जि पुस्ताको जोश र जेन-वाई पुस्ताको अनुभवलाई एकसाथ जोडेर "समृद्ध मर्चवार, सुखी मर्चवारबासी" अभियान सफल बनाउने उनको भनाइ छ ।

यादवले मर्चवारलाई अन्न भण्डारको केन्द्रका रूपमा स्थापित गराई संघीय सरकारबाट विशेष कार्यक्रम ल्याउने, किसानलाई मलखादको सहज उपलब्धता गराउने र स्थानीय उत्पादनमा आधारित रोजगारी सिर्जना गर्ने प्रतिबद्धता व्यक्त गरे ।

अन्त्यमा उनले सूर्य चिन्हमा मतदान गरी विकास र समृद्धिको यात्रामा साथ दिन मतदातासँग आग्रह गरे ।


## Malarani Rural Municipality
Khanadaha, Arghakhanchi
Lumbini Province, Nepal

## Invitation for Bids

**Date of publication: 4th feb, 2026 (2082/10/21)**

Malarani Rural Municipality, Khanadaha, Arghakhanchi invites electronic Sealed Quotations/Bids from eligible bidders for the procurement and supply of goods as mentioned below:

| IFB No. | Contract Name | Contract id | Bid Document Fee (NPR) | Bid security Amount (NPR) | Last Date for Bid Submission |
|---|---|---|---|---|---|
| 1 | Upgradation of Karnamarey Tijukachaura-Shita motorable road, Malarani-05 (second notice) | MRM/W/SQ/ 2082/083/19 | 1000.00 | 30,000.00 | 20/02/2026 12:00 P.M (2082/11/08) |
| 2 | Upgradation of Chudartola Pokhrikachaur-Bharlegaira motorable road , Malarani-04 (second notice) | MRM/W/SQ/ 2082/083/20 | 1000.00 | 30,000.00 | 20/02/2026 12:00 P.M (2082/11/08) |
| 3 | Upgradation of BamrukBajhakharka motorable road, Malarani-07 & 08 (second notice) | MRM/W/SQ/ 2082/083/21 | 1000.00 | 30,000.00 | 20/02/2026 12:00 P.M (2082/11/08) |

For more details, please visit PPMO website: www.bolpatra.gov.np/egp. or www.malaranimun.gov.np. or scan the QR code for full notice.



# Madhyabindu Municipality
## Office of Municipal Executive
Madhyabindu-7, Chormara, Nawalparasi (East of Bardghat Susta)
Gandaki Province, Nepal

# Invitation for Bid

First Date of publication: 2026-02-04

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With VAT& PS) | Cost of Bidding Document Nrs | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 17/NCB/MB/ WORKS/ 2082/83 | Sangam Marga Kalopatre, Madhyabindu-07 | NCB-WORKS | 48,49,583.03 | 3000/- | 1,25,000.00 | 90 days/ 120 days after bid opening | 2026-03-10 12.00 | 2026-03-10 14.00 |
| 18/NCB/MB/ WORKS/ 2082/83 | ChormaraBajar, Nagarpalika and Amrasa Jane Sadak Istharunatti, Madhyabindu-07 | NCB-WORKS | 75,51,373.83 | 3000/- | 2,00,000.00 | 90 days/ 120 days after bid opening | 2026-03-10 12.00 | 2026-03-10 14.00 |
| 19/NCB/MB/ WORKS/ 2082/83 | Thallo Bhuran Sadak Istharunatti, Madhyabindu-15 | NCB-WORKS | 96,99,908.32 | 3000/- | 2,50,000.00 | 90 days/ 120 days after bid opening | 2026-03-10 12.00 | 2026-03-10 14.00 |
| 20/NCB/MB/ WORKS/ 2082/83 | BaburamChowk Dekhi Madanpur Jane Sadak Kalopatre, Madhyabindu-04 | NCB-WORKS | 23,01,698.38 | 3000/- | 60,000.00 | 90 days/ 120 days after bid opening | 2026-03-10 12.00 | 2026-03-10 14.00 |

**Chief Administrative Officer**


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com